**बैठक नं. १४** (बैठक संख्या ८९)

आज मिति २०८२/१२/०४ गते विहान ११:०० वजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | का.स. | श्री गँगा बहादुर गाहा | |
| | | | |
| | | | |
| | | | |
| | | | |

वैठक नं.१४ (वैठक संख्या नं.८९)

**निर्णय नं १.**

**प्राप्त पत्र बारे जानकारी तथा समिक्षा सम्बन्धमा:**

विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो। साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

**निर्णय नं.२**

**विवाद समाधन अध्ययन समिति गठन गर्ने सम्वन्धमा: वोझा अमिले खानेपानी तथा सरसफाइ उपभोक्ता** समितिवाट परेको उजुरीको सम्वन्धमा स्थलगत अध्ययन गरी राय परामर्श दिनकोलागी देहाय वमोजिमका सदस्य रहने गरी विवाद समाधन अध्ययन समिति गठन गर्ने र सो समितिले गठन गरेको मितिले एक हप्ता भित्र प्रतिवेदन गाउँकार्यपालिका वैठकमा सचिवालय मार्फत पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. चेत वहादुर सुनारी — संयोजक
२. थमन वहादुर गाहा — सदस्य
३. दिपक कुमार सारू (पुर्वाधार शाखा) — सदस्य
४. विमला गैह्रे (प्रशासन शाखा) — सदस्य
५. नारायण भण्डारी (प्राविधिक शाखा) — सदस्य सचिव

**निर्णय नं ३**

**आर्थिक सहायता प्रदान गर्ने सम्वन्धमा:** रम्भा गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमकां व्यक्तिहरुबाट प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदन समेतको आधारमा कडा रोग उपचार यातायात शिर्षकबाट यातायात खर्च बापत तपसिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

| **क्र.स.** | **सहायता प्राप्त गर्नेको विरामीको नाम थर** | **ठेगाना** | **रोगको प्रकार** | **आर्थिक सहायता रकम** |
|---|---|---|---|---|
| २. | मनसरी वराल | वडा नं ३ पिपलडाँडा | पाठेघरको क्यान्सर | १००००। |
| ३. | दिल वहादुर सार्कि | वडा नं ३ पिपलडाँडा | मृगौला रोगी | १००००। |

| | | | | |
|---|---|---|---|---|
| ४. | मान वहादुर लुंगेली | रम्भा १ हुगीँ | मुटु रोगी | १००००। |
| ५. | भविश्वर रेग्मी | रम्भा १ हुगीँ | मुटु रोगी | १००००। |
| ६. | विष्णु वि.क. | रम्भा २ फोकसिङकोट | प्यारालाइसेस | १००००। |

**निर्णय नं. ४**

**गरूल खानेपानीको रकम भुक्तानी सम्वन्धमा:** रम्भा गाउँपालिका वडा नं २ मा अवस्थित गरुल खानेपानी वर्षातको कारण क्षति भइ खानेपानी अवरुद्ध भएकोमा उक्त खानेपानी सुचारु गर्न प्राविधिक स्टिमेट गरि स्टिमेट बमोजिम कार्य सम्पन्न समेत भइसकेको हुदाँ प्राविधिक प्रतिवेदन अनुसारको रकम विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ५**

**योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा:** गाउँपालिकाको आ.व. २०८२/०८३ को निती, कार्यक्रम तथा योजना अनुसार हालसम्म कार्यान्वयनमा आएका योजनाहरुको प्रगति सम्बन्धमा छलफल गरियो साथै कार्यान्वयन हुन बाँकी योजनाहरु तत्काल कार्यान्वयनमा लैजानको लागि सबैले आ-आफ्नो ठाउँबाट पहल गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

**विद्यालय संचालन तथा व्यवस्थापन खर्च सम्वन्धमा:** विद्यालय संचालन तथा व्यवस्थापन अनुदान खर्च कार्यविधी अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णयबाट खर्च हुने गरी तपसिल बमोजिमका विद्यालयमा तपसिल बमोजिमको रकम निकासा गर्ने निर्णय गरियो।

**तपसिल:**

| क्र सं | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | जनकल्याण मा वि रम्भा १ | ५०००० | |
| २ | कृष्णगण्डकी मा वि रम्भा १ | ५०००० | |
| ३ | जनप्रिय आ वि रम्भा १ | २५००० | |
| ४ | जनज्योति प्रा वि रम्भा १ | ० | |

CamScanner

| | | | |
|---|---|---|---|
| ५ | मजुवा प्रा वि रम्भा १ | २०००० | |
| ६ | अरनिको प्रा वि रम्भा १ | ७०००० | विद्यालयको कक्षा कोठा मर्मत गर्नुपर्ने |
| ७ | भृकुटि प्रा वि रम्भा १ | २०००० | |
| ८ | सानाहुँगी मा वि रम्भा २ | ५०००० | |
| ९ | महेन्द्र आ वि रम्भा २ | २५००० | |
| १० | माइस्थान प्रा वि रम्भा २ | २०००० | |
| ११ | भवानी प्रा वि रम्भा २ | २०००० | |
| १२ | मंगलादेवी प्रा वि रम्भा २ | २०००० | |
| १३ | चण्डेश्वरी प्रा वि रम्भा २ | १५००० | |
| १४ | कृष्ण मा वि रम्भा २ | ५०००० | |
| १५ | अमृत पब्लिक मा वि रम्भा ३ | ५०००० | |
| १६ | रविकिरण मा वि रम्भा ३ | ५५००० | मा वि मा स्वीकृत दरबन्दी १ मात्र |
| १७ | रकमादेवि आ वि रम्भा ३ | ६०००० | कक्षा ६-८ मा गणित विषयको शिक्षक नभएकोले शिक्षक व्यवस्थापन |
| १८ | निशानादेवि आ वि रम्भा ३ | २५००० | |
| १९ | नवदुर्गा आ वि रम्भा ३ | २५००० | |
| २० | कालिका प्रा वि रम्भा ३ | २०००० | |
| २१ | जनहित भगवति मा वि रम्भा ४ | ५५००० | मा वि मा स्वीकृत दरबन्दी १ मात्र |
| २२ | अमर आ वि रम्भा ४ | २५००० | |
| २३ | नवकिरण प्रा वि रम्भा ४ | ० | |
| २४ | चण्डेश्वरी प्रा वि रम्भा ४ | २०००० | |
| २५ | शान्ति प्रा वि रम्भा ४ | २०००० | |

CamScanner

| | | | |
|---|---|---|---|
| २६ | नवज्योति प्रा वि रम्भा ४ | २०००० | |
| २७ | जनप्रिय प्रा वि रम्भा ४ | ० | |
| २८ | रम्भा मा वि रम्भा ५ | ५०००० | |
| २९ | प्राकृतिक आ वि रम्भा ५ | २५००० | |
| ३० | जनजागृति प्रा वि रम्भा ५ | २०००० | |
| ३१ | जनता प्रा वि रम्भा ५ | २०००० | |
| ३२ | पशुपति प्रा वि रम्भा ५ | २०००० | |
| ३३ | सुर्योदय प्रा वि रम्भा ५ | १५००० | विद्यार्थी संख्या न्यून |
| ३४ | सगरमाथा प्रा वि रम्भा ५ | २०००० | |
| ३५ | चण्डेश्वरी प्रा वि रम्भा ५ | २०००० | |
| ३६ | कालीगण्डकी गुरुकुलम् रम्भा १ | ० | संघीय एकमुष्ठ अनुदान जाने भएकोले |
| | जम्मा | १०००००० | |

**निर्णय नं. ७**

**कर्मचारी पदपुर्ती गर्ने सम्वन्धमा:**

रम्भा गाउँपालिकामा रिक्त तपसिल बमोजिमका पदमा कर्मचारी पदपूर्तिको लागि प्रकाशित सूचना अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र सं | कार्यक्रम | सेवा समूह | पद | संख्या |
|---|---|---|---|---|
| १ | | नेपाल स्वास्थ्य/ जनरल हेल्थ सर्भिसेस | मेडिकल अधिकृत(आठौं) | १ |

**निर्णय नं. ८**

**गाउँ शिक्षा समितिको बैठकका निर्णय अनुमोदन सम्वन्धमा:** रम्भा गाउँपालिका गाउँशिक्षा समितिको बैठक मिति २०८२/१२/०३ गतेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

**औद्योगीक ग्रामको ठेक्का प्रकृया अगाडी वढाउने सम्वन्धमा:** रम्भा गाउँपालिका वडा नं १ मा निर्माणाधिन औद्योगिक ग्राम निर्माणको लागि स्रोत सुनिश्चित पश्चात ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

**प्रस्ताव स्विकृत गर्ने सम्वन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम बहुसरोकारवाला सँगको सहकार्य कार्यक्रम कार्यान्वयनको लागि प्राकृतिक श्रोत तथा द्वन्द्व रुपान्तरण केन्द्र,नेपालबाट पेश भएको प्रस्तावना स्वीकृत गरी कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

**विपद सहायता सम्वन्धमा:** रम्भा गाउँपालिका वडा नं ५ बस्ने लाल बहादुर श्रेष्ठको श्रीमति बाल कुमारी श्रेष्ठको घरमा मिति २०८२/११/२८ गते सिलिण्डर ग्यास लिक भई आगोलागि भएको र केहि सामान क्षती भएको भनि घटना स्थलको प्रहरी मुचुल्का तथा वडा कार्यालयको सिफारीस समेत प्राप्त भएको हुदाँ विपद व्यवस्थापन कोषबाट रु १०००० (अक्षेरपि दश हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

**कृषि एम्वुलेन्स पुन सुचारू गर्ने सम्वन्धमा:** रम्भा गाउँपालिका भित्र उत्पादित कृषिजन्य वस्तुको बजारीकरणमा सहयोग गरि कृषकलाई व्यावसायिक खेति तर्फ आकर्षिक गर्ने उद्देश्यले विगतमा संचालनमा ल्याइएको कृषि एम्बुलेन्स पुन सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

**भुक्तानी दिने सम्वन्धमा:** विगत लामो समयदेखि रम्भा गाउँपालिका अन्तर्गत १ नं वडा कार्यालयमा पशु स्वास्थ्य प्राविधिक सहायकस्तर चौथो तहमा रहि कार्यसम्पादन गर्दै आउनुभएका कर्मचारी श्री बिष्णु प्रसाद रेग्मीको मिति २०८२/११/२८ गते असामायिक निधन हुन गएको हुदाँ काजक्रिया खर्च बापत रु ५००००(अक्षेरपि पचास हजार) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

**निर्णय नं. १४**

**पिपलटारी चालिसे जोडने मोटरवाटो निर्माण गर्ने सम्वन्धमा:** रम्भा गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गरी पिपलटारी चालिसे जोड्ने मोटरबाटोको नयाँ ट्र्याक खोल्नका लागि रम्भा गाउँपालिकाको व्याक हो लोडर उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १५**

**राष्ट्रपति रनिङ शिल्डको नपुग रकम भुक्तानी सम्बन्धमा:** रम्भा गाउँपालिकाको आयोजनामा संचालित गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्दा नपुग हुन आएको रकम रु १०३६५४(अक्षरेपि एक लाख तिन हजार छ सय चउन्न) छुटपुट चालु खर्च शिर्षकबाट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं १६**

**कवर्ड हल निर्माण सम्बन्धमा:** रम्भा गाउँपालिका १ नं वडा कार्यालयको मिति २०८२/१२/०४ को पत्रानुसार सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भई सामाजिक विकास डिभिजन कार्यालय,पाल्पाबाट कार्यान्वियन हुने गरी बेल्डाँडा कवर्डहल निर्माण रम्भा गा.पा. कार्यक्रमको लागि रु १६,००,००० विनियोजन भएकोमा उक्त कार्यक्रम यस पाल्पा जिल्ला यस रम्भा गाउँपालिका वडा नं १ (साविक हुँगी गा वि स वडा नं ५ बेल्डाँडा) स्थित पूर्वमा गणेशजङ सिल्वालको कि.नं. ७४ को जग्गा, पश्चिम खोल्सी,उत्तर विदुर कुमार सिल्वालको कि नं ८० को जग्गा र दक्षिण ग्रामिण सडक यति चारकिल्ला भित्रको कि नं ७९ को सार्वजनिक जग्गामा निर्माण हुने उक्त कवर्ड हल रम्भा गाउँपालिकाकै स्वामित्वमा रहने गरी योजना कार्यान्वयनको लागि सिफारीस गरिदिनुहुन भनि लेखि आएकोमा रम्भा गाउँपालिकाको स्वामित्वमा रहने गरी कवर्ड हल निर्माणको लागि आवश्यक प्रक्रिया अघि बढाउन सामाजिक विकास डिभिजन कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

**शोक प्रस्ताव पेश सम्वन्धमा:** रम्भा गाउँपालिका वडा नं १ हुगी वडा कार्यालयमा कार्यरत पशु स्वास्थ्य प्राविधिक श्री विष्णु प्रसाद रेग्मी ज्युको यहि मिति २०८२।११।२८ गते भएको असामायिक निधन प्रति दुख व्यक्त गर्दै मिति २०८२/११/२९ गते गाउँकार्यपालिका र अन्तर्गतका कार्यालयमा दिइएको विदा अनुमोदन गरि दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्दाञ्जली व्यक्त गर्दै शोक प्रस्ताव पारीत गर्ने निर्णय गरियो ।

CamScanner